# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण

# २०८०/०८१

"हाम्रो लहान - सुन्दर, समुन्नत र सभ्य लहान"

**लहान नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**लहान, सिरहा**

**मधेश प्रदेश**

# विषय सूची

खण्ड : एक ........................................................................................................१
परिचय .................................................................................................................१
१.पृष्ठभूमी ..............................................................................................................१
२.अध्ययनको महत्व..................................................................................................... २
३. उद्देश्य ............................................................................................................ २
४.लैससास परीक्षणले समेट्ने क्षेत्रहरु ...............................................................................३
५.लैससास परीक्षणको विधि र तरीका.................................................................................. ४
६. लैससास परीक्षणका सहभागी........................................................................................ ५
खण्ड : २ ........................................................................................................... ६
तथ्यांक प्रस्तुतीकण .................................................................................................. ६
७. तथ्यांक प्रस्तुतीकरण र व्याख्या .................................................................................. ६
खण्ड : ३ .......................................................................................................... १०
विश्लेषण............................................................................................................ १०
८.लैससास परीक्षणको विश्लेषणका औजारहरु......................................................................... १०
९.तथ्यांङ्कको तुलनात्मक अध्ययन तथा विश्लेषण....................................................................... १०
१०. मुख्य उपलब्धी................................................................................................... १०
१०.१ परीक्षण पश्चात प्रमुख सूचकहरुले प्राप्त गरेको अंकहरुको लेखाजोखा.............................................११
१०.२ लैससास परीक्षणको नतिजाको माकुरे जालो ...............................................................13
११. लहान नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु..........................................................................................................१५
१२. लैससासको कार्ययोजना ...........................................................................................२२
१३. निष्कर्ष............................................................................................................ २८

१४. सुझाव ........ २८
अनुसूचीहरु ........ ३०
अनुसूची : १ ........ ३०
अंकतालिका ........ ३०
अनुसूची : २ ........ ३१
लैससास कार्यान्वय समिति ........ ३१
अनुसूची : ३ ........ ३३
लैससास परीक्षणमा सहभागीहरुको विवरण ........ ३३
अनुसूची : ४ ........ ३७
सूचकगत प्राप्तांक विवरण ........ ३७
अनुसूची : ५ ........ ४५
लैससास परीक्षणका झलकहरु ........ ४५

## खण्ड : एक

## परिचय

### १.पृष्ठभूमी

नेपालको संविधान २०७२ को प्रस्तावनामा लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । नयाँ प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्दै ती अधिकारहरू महिला तथा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुश्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकहरूले राज्यको हरेक निकायमा आफ्नो अधिकारको उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्न आवश्यक छ ।

राष्ट्रिय योजना आयोगको सोह्रो योजनाले संविधानमा व्यवस्था गरेका मौलिक हक, दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र अन्य दस्तावेजका साथै नेपाल सरकारले विभिन्न समयमा ब्यक्त प्रतिबद्धताहरूलाई समावेश गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐनमा पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) लाई जोड दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा उल्लेख गरिए बमोजिम गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत विभिन्न बुँदाहरूहरूले जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति र अशक्तहरू सहित सुकुम्बासी ब्यवस्थापन गर्न लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र ब्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना ब्यवस्थापन र गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना ब्यवस्थापन र नियमन गर्ने कुराहरू उल्लेख गरिएको छ । त्यस्तै उक्त ऐनको दफा १२ मा उल्लेख गरिए बमोजिम वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रकृया अवलम्बन गरी महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउँदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) प्रवर्द्धन गर्ने व्यवस्थालाई जोड दिएको छ । त्यस्तै वडाभित्रका विकास कार्यहरू कार्यान्वयन गर्दा उक्त वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका वा पारिएका महिला, बाल-बालिका, दलित, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने कुरालाई समेत स्पष्ट रुपमा औल्याईएको छ । नेपाल सरकारले मन्त्रालय तहमा पनि लैङ्गित तथा सामाजिक समावेशीकरण नीतिहरुलाई कार्यान्वयन तहमा ल्याउनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका "लैङ्गिक समानता तथा सामाजिक समावेशीता स्थानीयकरण रणनीति, २०७५", स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको "स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६", महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको

"राष्ट्रिय लैङ्गिक समानता नीति, २०७४", शहरी विकास मन्त्रालयको "लैङ्गिक समानता तथा सामाजिक समावेशी मार्गदर्शन, २०७०" सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८" जस्ता लैससास नीति तथा मार्गदर्शन र दिग्दर्शन तयार गरिएको छ ।

स्थानीय तहले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्ने उद्देश्यले स्थानीय तहले सञ्चालन गर्ने योजना तथा कार्यक्रम, नीति तथा कानुन लगायत सेवा प्रवाहमा समेत समावेशी बनाउने उद्देश्यले प्रत्येक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्नुपर्दछ । स्थानीय तहले लैससास परीक्षण कार्य हरेक आर्थिक वर्षमा गर्नुपर्नेछ। लैससास परीक्षण गर्दा गत आवमा सम्पन्न गरेको कार्यक्रमको परीक्षण चालु आ.व.को पौष मसान्तभित्रमा सम्पन्न गरी प्रतिवेदन तयार गर्नु पर्दछ। लैससास परीक्षण प्रतिवेदनले औल्याएको विषयवस्तु उपर सम्बन्धित स्थानीय तहमा सम्बन्धित सरोकारवाहरुवीच छलफल गरी प्राप्त भएका सुझावहरुलाई आगामी योजना तथा कार्यक्रम मार्फत सुझावहरुलाई आगामी योजना तथा कार्यक्रम मार्फत सुधार गर्न पृष्ठपोषणको रुपमा ग्रहण गर्नु पर्दछ ।

## २.अध्ययनको महत्व

लैससास परीक्षणबाट नगरपालिकाको नीति, योजना, कार्यक्रमहरु लैससास आधारमा सम्वेदनशील छ छैन परीक्षण गरिने भएकोले परीक्षणबाट नगरपालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान भई सोहि अनुसार योजना तथा बजेट तर्जुमाका लागि सहयोग गर्दछ । यस परीक्षणले नेपाल सरकारले सम्झौता गरेका विभिन्न अभिसन्धिहरु, तयार गरेका नीति तथा कार्यक्रहरु, दिगो विकास लक्ष्यका लक्ष्यहरु प्राप्तिमा सहयोग गर्नुका साथै परीक्षणपछि सहभागितामूलक प्रक्रियाले महिला, आदिवासी जनजाति, अपांग तथा अन्य लक्षित वर्गको सशक्तिकरण गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यलाई प्रवर्द्धन गर्न सहयोग गर्दछ । यस कार्यले विकास प्रकृयामा काम गर्दा, विकास कार्यक्रम तय गर्दा, साधन र स्रोतको वाँडफाँड र परिचालनलाई लैङ्गिक उत्तरदायी र सामाजिक समावेशी वनाउन र लैङ्गिक तथा सामाजिक समावेशी रुपमा संस्थालाई सन्तुलित वनाउन सहयोग गर्दछ ।

यस लैससास परीक्षण कार्यले महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुश्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय आदिलाई शिक्षा, स्वास्थ्य सेवा पहुँच, रोजगारी सिर्जना गर्ने क्षेत्रमा ज्यादै कम लगानी गर्ने प्रवृतिमा सुधार गरी राज्यका संरचनाहरूमा सकारात्मक विभेदका नीतिहरूलाई प्रभावकारी रुपमा लागू गर्नका लागि कार्यान्वयन पक्षमा गर्नुपर्ने क्षेत्रहरु पहिचान गर्न लहान नगरपालिकालाई सहयोग गर्नेछ ।

## ३. उद्देश्य

लैससास परीक्षणको मुख्य उद्देश्यको रुपमा नगरपालिकाले गर्ने सम्पूर्ण क्रियाकलापहरु र विकास योजना तथा कार्यक्रमलाई लैससासमय बनाउनु र नगरपालिकाले तयार गरेका योजना, कार्यक्रम र

क्रियाकलापहरुमा स्रोतको सुनिश्चिता र उपलब्धीको समतामूलक वितरण गर्नु रहेको छ। साथै लैससास परीक्षणको निर्दिष्ट उद्देश्यहरु निम्न रहेका छन् :

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत नगरपालिको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला, लक्षित वर्ग र सिमान्तकृत समूहहरुलाई समावेश गरी लैङ्गिक समानता र सबै जातिको अर्थपूर्ण सहभागिता अभिवृद्धि गराउने ।
- लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहीकरण र सशक्तिकरण गर्दै लैजाने ।
- महिला, लक्षित वर्ग र सिमान्तकृत समूहहरुलाई समावेश गरि ती समूहहरुको क्षमता अभिवृद्धि गर्ने ।
- लक्षित वर्गलाई स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।
- स्थानीय तहको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन र मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।
- लैससास परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनौतिहरुको पहिचान गरी समयमै समाधान गर्ने तथा भावि योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने ।

## ४.लैससास परीक्षणले समेट्ने क्षेत्रहरु

लैससास परीक्षणले मुख्यतयः ५ वटा प्रमुख विषयलाई समेटेको छ। उक्त पाँचवटा विषयवस्तुको २२ वटा उपशीर्षकहरु रहेका छन् । उपशीर्षकहरुका १०० वटा सूचकहरु रहेका छन् । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| मूल विषय (सूचक) | सहायक विषय (उपसूचकहरु) |
|---|---|
| **नीति, कानुन, योजना** | नीति र कानूनमा समावेशिता/सहभागिता |
| | योजना तर्जुमा तथा कार्यन्वयन |
| | बजेट तर्जुमा तथा कार्यान्वयन |
| **संस्थागत व्यवस्था** | कर्मचारी पदाधिकारी प्रतिनिधित्व |
| | कार्यप्रणाली समावेशी |
| | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व |
| | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता |
| | तथ्याङ्क संकलन तथा व्यवस्थापन |
| **मानव संसाधन तथा क्षमता विकास** | मानव संसाधन तथा क्षमता विकास |
| | अनौपचारिक मुल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना |
| | कानुनी साक्षरता |

| मूल विषय (सूचक) | सहायक विषय (उपसूचकहरु) |
|---|---|
| | विपद् व्यवस्थापनमा समावेशिता |
| **सेवा प्रवाह** | पूर्वाधार विकास |
| | प्रजनन् स्वास्थ्य |
| | शिक्षा कार्यक्रम |
| | खानेपानी तथा सरसफाई |
| | स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन |
| **सुशासन र उत्तरदायित्व** | सुशासन |
| | उत्तरदायित्व र जवाफदेहिता |
| | सुचना तथा संचार |
| | अनुगमन तथा मूल्याङ्कन |
| | समन्वय र सम्बन्ध विस्तार |

## ५.लैससास परीक्षणको विधि र तरीका

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ मा उल्लेख गरिए अनुसार लैङ्गिक परीक्षणका विधि र तरीकाहरु अपनाईएको थियो । यि विधिहरुमा सहभागितात्मक प्रक्रियालाई बढी जोड दिईएको थियो । सकेसम्म सबै पक्षहरुसँग छलफल गरी लैससास परीक्षण गर्दा वास्तविकता चित्रण होस् भन्ने कुरालाई विशेष जोड दिईएको थियो । लैससास परीक्षण गर्दा निम्न अनुसारको विधिहरु अपनाईएको थियो :

### अभिलेख अध्ययन

लहान नगरपालिकाले तय गरेका विभिन्न ऐन, कार्यविधि, नीति, निर्देशिका, दिग्दर्शन, वार्षिक योजना कार्यक्रम बजेटमा लैङ्गिक समानता तथा समावेशीकरणका विषयहरु के कति उल्लेख गरिएको छ, त्यसको कार्यान्वयन पक्ष, उपलब्धीको मापन, अनुगमन प्रक्रिया र पृष्ठपोषणको कार्यान्वयन पक्षलाई समेत अध्ययन गर्दा समेटिएको छ। विशेष गरेर गत आर्थिक वर्षको बजेट नीति, कार्यक्रम र बजेट विनियोजनको अवस्था लगायत अन्य सम्वन्धित कानुनी दस्तावेजहरुको अध्ययन गरिएको थियो ।

### मुख्य जानकारसंग अन्तरवार्ता

तयार गरिएको चेकलिष्टको आधारमा नगरपालिकामा रहेका महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, कानुन शाखा, स्वास्थ्य शाखा, रोजगार शाखा, शिक्षा शाखाहरुसंग विस्तृत छलफल गरिएको थियो । छलफलको क्रममा आवश्यकता अनुसार प्रमाणहरुको अध्ययन गर्ने कार्य पनि भएको थियो ।

**अवलोकन**

यस विधिमा विशेषगरी भौतिक पूर्वाधारहरु अपांगमैत्री, बालमैत्री भए नभएको, सार्वजनिक भवनहरुमा विशेष गरि स्वास्थ्य निकाय, पालिकाको आफ्नै भवन र वडाका भवनहरुमा स्तनपान कक्षहरु र शौचालयहरुको अवलोकन गरिएको थियो ।
मार्गनिर्देशनमा व्यवस्था गरिए अनुसार नै लैससास परीक्षणका तरिकाहरु अपनाईएको थियो । जुन निम्न अनुसार रहको थियो:

**तयारी चरण**

नगरपालिकामा समन्वय गरि लैससास परीक्षण पूर्व यस अगाडि बनेको लैससास कार्यान्वयन समितिको पुनर्गठन गरिएको थियो । नगरपालिकाका प्रमुखको संयोजकत्वमा बसेको बैठकले कार्यान्वयन समितिको पुनर्गठन र कार्यदलको गठन गरेको थियो । कार्यदलले लैससासको परीक्षणको सम्पूर्ण व्यवस्थापन पक्षको जिम्मेवारी निर्वाह गरेको थियो । कार्यान्वयन समिति र कार्यदलको विवरण अनुसूची ३ मा समावेश गरिएको छ ।

**कार्यान्वयन चरण**

नगरपालिकाका विभिन्न शाखा प्रमुखहरु, कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, नगर प्रमुख र उपप्रमुखको समेत सहभागितामा दुई दिने कार्यशाला सञ्चालन गरी सबैको सहभागिता र खुला छलफलबाट परीक्षणको कार्य र तय गरिएका सूचकहरुमा अंक प्रदान गरी सम्पन्न गरिएको थियो । साथै नगरपालिकाको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिको विश्लेषण गरि आगामी बर्षका लागि कार्ययोजना समेत तयार गरिएको थियो ।

**प्रतिवेदन चरण**

यस चरणमा सूचकमा प्राप्त भएका अंक र समूह छलफलबाट आएका विषयवस्तु र नगरपालिकाको प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट प्राप्त सुझावहरुलाई समेत समेटेर प्रतिवेदन तयारी गर्ने कार्य सम्पन्न गरिएको थियो ।

## ६. लैससास परीक्षणका सहभागी

लैससास परीक्षणमा कुल ४८ जनाको सहभागी रहेको थियो । जसमा महिला ८ जना र पुरुष ४० जना रहेका थिए । नगरपालिकाका उपप्रमुख, कार्यपालिका सदस्यहरु, बिषयगत शाखाका प्रमुख एवं प्रितिनिधिहरु साथै लक्षित वर्गका सहभागीहरु समेतको सहभागिता रहेको थियो । सहभागीहरुको विवरण अनुसूची ४ मा समावेश गरिएको छ ।

## खण्ड : २

## तथ्यांक प्रस्तुतीकण

यस खण्डमा लैससास परीक्षणका पाँच वटा मुख्य क्षेत्र र त्यसको २२ वटा उपशीर्षकहरुमा यस नगरपालिकाले प्राप्त गरेको अंकभार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ । यसरी प्रस्तुती गर्दा २२ वटा उपशीर्षकमा रहेका सूचकहरुको समग्रतालाई लिएको छ ।

## ७. तथ्यांक प्रस्तुतीकरण र व्याख्या

### *नीति, कानुन र योजना*

नीति, कानुन, योजना मुख्य शीर्षकमा ३ वटा उपशीर्षकहरु रहेका छन् । पहिलो उपशीर्षकमा रहेको नीति र कानुनमा समावेशिता र सहभागितामा कुल ८ अंक रहेकोमा ४ अंक प्राप्त गरेको छ, त्यस्तै योजना तर्जुमा तथा कार्यान्वयनमा कुल ८ अंक रहेकोमा ५ अंक प्राप्त गरेको छ। बजेट तर्जुमा तथा कार्यान्वयनमा कुल ४ अंक रहेकोमा २.५ अंक प्राप्त गरेको छ। यस मुख्य विषय रहेका नीति, कानुन र योजना अन्तर्गत कुल २० अंकभारमा ११.५ अंक प्राप्त गरेको छ ।

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णांक | प्राप्त अंक |
|---|---|---|---|
| **नीति, कानुन र योजना** | १. नीति र कानुनमा समावेशिता, सहभागिता | ८ | ४ |
| | २. योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ५ |
| | ३. बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | २.५ |
| | **जम्मा** | **२०** | **११.५** |

### *संस्थागत व्यवस्थापन*

संस्थागत व्यवस्थापनमा कुल ५ वटा उपशीर्षकहरु रहेका छन् र प्रत्येकको अंकभार ४ रहेको छ। यसमा उपशीर्षकको रुपमा रहेको कर्मचारी पदाधिकारी प्रतिनिधित्वमा २.५ अंक प्राप्त गरेको छ भने कार्य प्रणाली समावेशीमा २.५ अंक, समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्वमा ३, वित्त व्यवस्थापनमा २, तथ्यांक संकलन तथा व्यवस्थापनमा २ अंक गरी कूल २० अंकभारमा १२ अंक प्राप्त गरेको छ ।

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णांक | प्राप्त अंक |
|---|---|---|---|
| **संस्थागत व्यवस्था** | १. कर्मचारी र पदाधिकारी प्रतिनिधित्व | ४ | २.५ |
| | २. कार्यप्रणाली समावेशी | ४ | २.५ |
| | ३. समिति, उपसमिति र कार्यदल प्रतिनिधित्व | ४ | ३ |
| | ४. वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | २ |
| | ५.तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ | २ |
| | **जम्मा** | **२०** | **१२** |

### *मानव संसाधन तथा क्षमता विकास*

मानव संसाधन तथा क्षमता विकासमा ४ वटा उपशीर्षकहरु रहेका छन् । पहिलो उपशीर्षकमा ८ अंकको अंकभारमा ३.५ अंक प्राप्त गरेको छ भने यसैगरी अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना ४ अंकमा १.५, कानुनी साक्षरता ४ अंकमा २, विपद व्यवस्थापन ४ अंकमा ३ प्राप्त गरेको छ । कुल २० अंक भारमा १० अंक प्राप्त गरेको छ ।

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णांक | प्राप्त अंक |
|---|---|---|---|
| **मानव संसाधन तथा क्षमता विकास** | १. मानव संसाधन तथा क्षमता विकास | ८ | ३.५ |
| | २. अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ | १.५ |
| | ३. कानुनी साक्षरता | ४ | २ |
| | ४. विपद् व्यवस्थापन | ४ | ३ |
| | **जम्मा** | **२०** | **१०** |

### *सेवा प्रवाह*

सेवा प्रवाह मुख्य शीर्षकका ५ वटा उपशीर्षकहरु रहेका छन् । प्रत्येक उपशीर्षकको अंकभार ४ रहेको छ । जसमध्ये पूर्वाधार विकासमा ४ मा २.५, प्रजनन् स्वास्थ्यमा ४ मा २, शिक्षा कार्यक्रममा ४ मा ३.५, खानेपानी तथा सरसफाइमा ४ मा २ र स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापनमा ४ मा २.५ अंक प्राप्त गरेको छ । कुल २० अंकमा १२.५ अंक प्राप्त गरेको छ ।

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णांक | प्राप्त अंक |
|---|---|---|---|
| **सेवा प्रवाह** | १. पूर्वाधार विकास | ४ | २.५ |
| | २. प्रजनन् स्वास्थ्य | ४ | २ |
| | ३. शिक्षा कार्यक्रम | ४ | ३.५ |
| | ४. खानेपानी तथा सरसफाइ | ४ | २ |
| | ५.स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन | ४ | २.५ |
| | **जम्मा** | **२०** | **१२.५** |

### *सुशासन तथा उत्तरदायित्व*

सुशासन तथा उत्तरदायित्व मूल शीर्षकमा ५ वटा उपशीर्षकहरु रहेका छन् । प्रत्येक उपशीर्षकको अंकभार ४ रहेको छ । यस अन्तर्गत सुशासनमा प्राप्त अंकभार ३, उत्तरदायित्व र जवाफदेहितामा ३.५, सूचना तथा सञ्चारमा २.५, अनुगमन तथा मूल्यांकनमा २.५ र समन्वय र सम्बन्ध विस्तारमा २.५ गरि कुल २० अंकभारमा १४ अंक प्राप्त गरेको छ ।

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णांक | प्राप्त अंक |
|---|---|---|---|
| **सेवा प्रवाह** | १. सुशासन | ४ | ३ |
| | २. उत्तरदायित्व र जवाफदेहिता | ४ | ३.५ |
| | ३. सुचना तथा सञ्चार | ४ | २.५ |
| | ४. अनुगमन तथा मूल्यांकन | ४ | २.५ |
| | ५.समन्वय र सम्बन्ध विस्तार | ४ | २.५ |
| | **जम्मा** | **२०** | **१४** |

पाँचवटा मुख्य शीर्षकहरु मध्ये तुलनात्मक रुपमा सबै भन्दा बढी सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व विषयमा नगरपालिका अगाडी छ भने अन्यमा केही कमजोर देखिन्छ । जसलाई तलको स्तम्भ चार्टमा प्रस्तुत गरिएको छ ।




२२ वटा उपशीर्षक मध्ये कुनै पनि उपशीर्षकमा शतप्रतिशत अंक प्राप्त हुन सकेको छैन । मुख्य सूचकका २२ वटा उपशीर्षकहरुको विस्तृत विवरण तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।



९
८
७
६
५
४
३
२
१
०
८ ४
८ ५
४ २.५
४ २.५
४ २.५
४ ३
४ २
४ २
८ ३.५
४ १.५
४ २
४ ३
४ २.५
४ २
४ ३.५
४ २
४ २.५
४ ३
४ ३.५
४ २.५
४ २.५
४ २.५
नीति कानूनमा समावेशिता, सहभागिता
योजना तजुमा तथा कार्यन्वयन
बजेट तर्जुमा तथा कार्यन्वयन
कर्मचारी पदाधिकारी तथा प्रतिनिधित्व
कार्यप्रणाली समावेशी
समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व
वित्त व्यवस्थापन प्रणालीमा समावेशी
तथ्याङ्क संकलन तथा व्यवस्थापन
मानव संसाधन तथा क्षमता विकास
अनौपचारिक मूल्य मान्यता र कुसंस्कार विरुद्ध जनचेतना
काननी साक्षरता
विपत व्यवस्थापनामा समावेशिता
पूर्वाधार विकास
प्रजनन स्वास्थ्य
शिक्षा कार्यक्रम
खानेपानि तथा सरसफाई
स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन
सुशासन
उत्तरदायित्व र जवाफदेहिता
सूचना तथा संचार
अनुगमन तथा मूल्याङ्कन
समँन्वय र सम्बन्ध विस्तार
पूर्णांक
प्राप्तअंक

## खण्ड : ३

## विश्लेषण

### ८.लैससास परीक्षणको विश्लेषणका औजारहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका लागि दिग्दर्शमा उल्लेख गरिएका प्रमुख ५ वटा मूल विषयवस्तु र ती विषय वस्तुका पनि थप उपविषय वस्तुका १०० सूचकहरुमा सहभागीहरुले उपलब्ध गराएको अंकका आधारमा प्राप्त गरेको अंकलाई विश्लेषण गरिएको थियो । ती सूचकहरुमा अंक प्रदान गर्दा सहभागीहरुले कस्तो अवस्थामा १ अंक दिने, कस्तो अवस्थामा ०.५ अंक दिने र कस्तो अवस्थामा ० अंक दिने भन्ने विषयमा सहभागीहरुलाई स्पष्ट हुने गरि सहजीकरण गरियो । लैङ्गिक परीक्षण पश्चात नतिजा मापन गर्नका लागि माकुरे जालो र स्तम्भ चित्र औजारहरु प्रयोग गरिएको छ । नगरपालिकामा लैङ्गिक तथा सामाजिक समाबेशीकरणको सवल पक्षहरु, कमजोर पक्षहरु, नगरपालिकामा लैससास कार्यको लागि आउन सक्ने अवसरहरु र यसमा आइपर्ने सक्ने चुनौतीहरुको वारेमा ५ वटा मुख्य शीर्षकलाई आधार बनाई समूह विभाजन गरि विश्लेषण समेत गराईएको थियो । विश्लेषण गर्दा SWOT Analysis विधि प्रयोग गरिएको थियो ।

### ९.तथ्यांङ्कको तुलनात्मक अध्ययन तथा विश्लेषण

यस लहान नगरपालिकाले अघिल्लो बर्षहरुमा लैससास परीक्षण नगरेकोले तुलनात्मक विश्लेषण गरिएको छैन ।

### १०. मुख्य उपलब्धी

***लैससास परीक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्थाः***

नगरपालिकाले लैससास परीक्षण गर्दा धेरै सूचकहरुमा काम गर्नुपर्ने देखिन्छ । कुल १०० सूचकहरुमा ३० वटा सूचकमा शतप्रतिशत अंकभार प्राप्त गरेको छ भने १० वटामा भने कुनै पनि अंकभार प्राप्त गरेको छैनन् बाँकी सूचकहरु प्रगति उन्मुख रहेका छन् ।

नगरपालिकाले नीति नियमहरु बनाएता पनि लैससासको सान्दर्भिक नीति, कानून आबश्यक्ता अनुसारको नहुनु, भएका नीति र कानूनको समीक्षा गर्ने परिपाटीको विकास नभएको हुँदा त्यसमा अंकभार कम हुन गएको छ । अन्य केही मुख्य शीर्षकहरुमा राम्रो अंकभार प्राप्त गरेको छ ।




### १०.१ परीक्षण पश्चात प्रमुख सूचकहरुले प्राप्त गरेको अंकहरुको लेखाजोखा

**लैससास परीक्षणमा नगरपालिकाले प्राप्त गरेका मुख्य शीर्षकहरु र उप शीर्षकहरुको नम्बर सम्वन्धी विवरण :**

| मुख्य विषय (सूचक) | कसं. | उपक्षेत्र | पूर्णाक | प्राप्त अंक |
|---|---|---|---|---|
| नीति, कानुन, योजना | १ | नीति कानूनमा समावेशिता, सहभागिता | ८ | ४ |
| | २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ५ |
| | ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | २.५ |
| | जम्मा | | २० | ११.५ |
| संस्थागत व्यवस्था | ४ | कर्मचारी पदाधिकारी तथा प्रतिनिधित्व | ४ | २.५ |
| | ५ | कार्यप्रणाली समावेशी | ४ | २.५ |
| | ६ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | ३ |
| | ७ | वित्त ब्यवस्थापन प्रणालीमा समावेशी | ४ | २ |
| | ८ | तथ्याङ्क संकलन तथा ब्यवस्थापन | ४ | २ |
| | जम्मा | | २० | १२ |
| मानव संसाधन तथा क्षमता विकास | ९ | मानव संसाधन तथा क्षमता विकास | ८ | ३.५ |
| | १० | अनौपचारिक मूल्य मान्यता र कुसंस्कार बिरुद्ध जनचेतना | ४ | १.५ |

| मूख्य विषय (सूचक) | कसं. | उपक्षेत्र | पूर्णांक | प्राप्त अंक |
|---|---|---|---|---|
| | ११ | कानुनी साक्षरता | ४ | २ |
| | १२ | विपद व्यवस्थापनामा समावेशिता | ४ | ३ |
| | **जम्मा** | | **२०** | **१०** |
| **सेवा प्रवाह** | १३ | पूर्वाधार विकास | ४ | २.५ |
| | १४ | प्रजनन स्वास्थ्य | ४ | २ |
| | १५ | शिक्षा कार्यक्रम | ४ | ३.५ |
| | १६ | खानेपानी तथा सरसफाई | ४ | २ |
| | १७ | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४ | २.५ |
| | **जम्मा** | | **२०** | **१२.५** |
| **सुशासन तथा उत्तरदायित्व** | १८ | सुशासन | ४ | ३ |
| | १९ | उत्तरदायित्व र जवाफदेहिता | ४ | ३.५ |
| | २० | सूचना तथा संचार | ४ | २.५ |
| | २१ | अनुगमन तथा मूल्याङ्कन | ४ | २.५ |
| | २२ | समन्वय र सम्बन्ध विस्तार | ४ | २.५ |
| | **जम्मा** | | **२०** | **१४** |
| | **कूल जम्मा** | | **१००** | **६०** |
| | **नतिजाः उत्तम** | | | |

नीति, कानुन, योजना अन्तर्गत नीति कानुनमा समावेशिता, सहभागितामा, यसैगरी संस्थागत व्यवस्थापन मूल शीर्षकको उपशीर्षक वित्त व्यवस्थापन प्रणालीमा समावेशी र तथ्यांक संकलन तथा व्यवस्थापन, मानव संसाधन तथा क्षमता विकास अन्तर्गत मानव संसाधन तथा क्षमता विकास, अनौपचारिक मूल्य मान्यता र कुसंस्कार विरुद्ध जनचेतना, कानुनी साक्षरता, यसैगरी सेवा प्रवाह अन्तर्गत प्रजनन स्वास्थ्य र खानेपानी तथा सरसफाईमा ५० प्रतिशत वा सो भन्दा कम अंक प्राप्त गरेको छ । अन्य उपशीर्षकहरुको प्राप्ताङ्क औषतमा रहेको छ ।

यसरी हेर्दा सर्वोत्तम, उत्तम, ठिकै र कमजोरमध्ये लहान नगरपालिकाले हासिल गरेको स्वमूल्यांकनको कुल नतिजाका आधारमा ६० अंकभन्दामाथि र ८० अंकभन्दा तल रहेकोले **यस नतिजालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा उत्तमको स्तरमा लिईएको छ** । प्राप्त सुझावहरुका आधारमा आगामी कार्ययोजनाबाट थप उपलब्धी हासिल गरि यस नगरपालिका सर्वोत्तमको तहमा जान सो अनुसारको योजना र कार्यान्वयनमा अग्रसर हुनुपर्ने देखिन्छ ।

### १०.२ लैससास परीक्षणको नतिजाको माकुरे जालो

लैससास परीक्षण गरिएको पाँच वटा मुख्य शीर्षकहरुको नतिजालाई तलको माकुरे जालोमा प्रस्तुत गरिएको छ । जमा मानव संशाधन तथा क्षमता विकासमा कम र अन्यमा माकुरे जालो थोरै बढी फैलिएको छ ।




यसैगरी २२ वटा उपशीर्षकलाई तलको माकुरे जालोमा प्रस्तुत गरिएको छ ।




साथै सम्पूर्ण सूचकगत कूल अंकभार र प्राप्तांक सम्वन्धी विवरण अनुसूची ५ मा राखिएको छ।

## ११. लहान नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु

| मुख्य विषय | सबल पक्ष | कमजोर पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| **नीति, कानून योजना** | • लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी नीति, कानुन र कार्यबिधिहरु निर्माणका लागि नगरपालिकाले श्रोतको व्यबस्थापन गर्न सक्दछ ।<br>• बिज्ञ परामर्शकर्ता र श्रोतव्यक्तिहर सहज उपलब्धता रहेको छ ।<br>• न्यायिक समितिले उजुरी कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यबिधिका सम्बन्धमा बनेको ऐन २०७५, लहान नगरपालिकाको सहकारी ऐन २०७५, करार सेवाको चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी ब्यबस्थापन सम्बन्धी कार्यबिधि २०७९, दलित तथा अति बिपन्न छात्रबृत्ति कार्यबिधि २०७९ लगायतका केही कार्यबिधिहरु रहेको ।<br>• कर्मचारी जनशक्ति पर्याप्त रहेको ।<br>• नगरसभाबाट कार्यविधि र कानुन सहज पारित हुनसक्ने । | • लैंगिक समानता तथा सामाजिक समाबेशीकरण नीति र लैससास रणनीति नहुनु ।<br>• खण्डीकृत तथ्यांक अपडेट नहुनु ।<br>• लैंगिकमैत्री योजना निर्माण र कार्यान्वयनको पक्ष कमजोर रहनु ।<br>• पालिकाको भएका नीति र कानुनमा लैंससाससंग सम्बन्धित सवालहरु संयोजन गर्नुपर्ने ।<br>• नीति र कानुनमा समाबेशिताको सिध्दान्त र संघीय एवं प्रादेशिक नीति र कानुनी प्रावधानका मूल मर्मलाई समेटिनुपर्ने । जस्तैः महिलाको ३३ प्रतिशत आरक्षणको सुनिश्चितता, भवन निर्माणको अनुमति दिनु पूर्ण अपांगतामैत्री, जेष्ठ नागरिकमैत्री हुनुपर्ने सुनिश्चितता गरिनुपर्ने । | • नगरपालिकाले आवश्यक नीति, रणनीति र कानुन निर्माणका लागि स्थानीय बिज्ञ वा परामर्शदातालाई परिचालन गर्न सक्नेछ ।<br>• नीति, कानुन र योजनाहरु प्रभावकारी कायान्वयन गर्न सकिन्छ ।<br>• समन्वय र सहकार्यमा बालविवाहमुक्त पालिका र लैंगिक हिंसामुक्त पालिका घोषणा गर्न सकिने क्षमता राख्दछ ।<br>• दातृ निकाय, अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु यस नगरपालिकालाई कार्यक्षेत्र बनाई भित्रिन सक्दछन् ।<br>• कुरीतिजन्य कार्यहरु न्यूनिकरण एवं अन्त्य | • लैससास नीति, रणनीति र सोसंग सम्बन्धित कार्यबिधि वा कानुन नहुँदा लैससास योजना र कार्यान्वयमा चूनौती रहेको छ ।<br>• योजना र कार्यक्रमको लागि पर्याप्त बजेट अनुकुल नहुनु ।<br>• जनप्रतिनिधि र कर्मचारीहरुलाई कानुनी प्रावधान, कार्यबिधि र निर्देशिकाहरुबारे अनुशिक्षण नहुँदा फरक बुझाई रहनु ।<br>• पर्याप्त कार्यक्रमहरु नहुनु ।<br>• संघीय सरकार, प्रादेशिक सरकारबाट समय |

| मुख्य विषय | सबल पक्ष | कमजोर पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| | • भौतिक पूर्वाधारहरु लैससासमैत्री बनउन सकिने अवस्था रहेको छ ।<br>• बिभिन्न अन्तराष्ट्रिय गैरसरकारी संस्था, दातृ निकाय र राष्ट्रिय एवं स्थानीयस्तरका गैरसरकारी संस्थाहरुले लैससासको क्षेत्रमा काम गरिरहेको ।<br>• गैरसरकारी संस्था, नागरिक समाजहरुको समन्वय र सहकार्य सकारात्मक रहेको ।<br>• लैंगिक हिंसा नियन्त्रण संजालहरु, किशोरी संजाल आदि सक्रिय रहेको । | • करार जनशक्ति ब्यबस्थापनमा लैंससासको आधारमा सहभागिता सुनिश्चित हुनेगरि ब्यबस्थपान हुनुपर्ने ।<br>• महिला, दलित जेष्ठ नागरिक, अपांगता, बालबालिका लगायत सिमान्तकृत समुदाय लक्षित कार्यबिधि तथा निर्देशिका निर्माण भएको नपाईनु ।<br>• लैससाससंग सम्बन्धी राष्ट्रिय र अन्तराष्ट्रिय प्राधानहरु ( सिड, बालअधिकार महासंधी, जातिय भेदभाव उन्मुलन सम्बन्धी महासंधी, दीगो बिकास लक्षको ५ नम्वरमा हासिल गर्नुपर्ने उलपब्धीहरु, संबिधानको मौलिक हक र स्थानीय सरकार संचालन ऐन २०७४ ले निर्देश गरेका लैससास सम्बन्धी प्रावधानहरुका बारेमा अभिमुखीकरण नहुनु ।<br>• लैंससास सम्बन्धी कानुनी प्रावधानहरुका बारेमा जनप्रतिनिधि र | गर्ने सवै पक्षको चाहना रहेको देखिन्छ । | समयमा हुने नीति, कार्यबिधि, कानुन, योजनाको बारेमा अपडेट नहुनु । नीतिहरु बने पनि त्यसको कार्यान्वयन पक्षमा बुझाइको एकरुपता नहुनु ।<br>• लैससासका लागि बिषयगत शाखाहरु विचको समन्वयको अभाव ।<br>• लैससास सम्बन्धि एकिकृत सुचना प्रणालीको अभाव हुदा अभिलेखिकरणमा नहुनु<br>• पदाधिकारीहरुको बिच लैससास सम्बन्धी प्रष्टता नहुदा त्यस्ता विषयले बजेट तर्जुमामा प्राथमिकता नपाउनु । |

| मुख्य विषय | सबल पक्ष | कमजोर पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| | | कर्मचारीहरुलाई अभिमुखीकरण नहुनु ।<br>● बालमैत्री स्थानीय शासन कार्यान्वयन र बालविवाह अन्त्यका लागि रणनीतिक योजना तथा कार्यबिधिहरु निर्माण गरिनुपर्ने ।<br>● लैंससास कार्यान्वयनमा पर्याप्त बजेट बिनियोजन नहुनु । | | |
| **संस्थागत व्यवस्था** | ● प्राय कार्यक्रमहरुमा कर्मचारी र पदाधिकारीहरुको सहभागिता हुने गरेको ।<br>● कानुनले तोकेको समिति निर्माण भएको र आवश्यक्ता अनुसार बैठक हुने गरेको छ ।<br>● नगरपालिकाको अधिकांश कार्यकमहरु समावेशी नीति अनुरुप हुने गरेको छ ।<br>● बजेट निर्माणमा सबै पक्षको सहभागिता छ ।<br>● सामाजिक समावेशिकरण बढाउनको लागि नीतिहरु तयार हुन थालेको । | ● बिभिन्न समिति उपसमितिहरु समाबेशिताका आधारमा पूर्णता नहुनु ।<br>● नागरिकहरुमा लैससास बारे सचेतना अभिबृद्धि हुने खालका कार्यक्रमहरु निर्माण गरि कार्यान्वयनमा समस्या ।<br>● लैससासमैत्री योजना निर्माण र बजेट बिनियोजन गरि कार्यान्वनयमा जोड दिनुपर्ने ।<br>● खण्डिकृत तथ्यांक अपडेट नहुनु ।<br>● सूचना प्रबिधिलाई प्रभावकारी बनाउनुपर्ने ।<br>● पालिकाको भूगोलभित्र रहेका हरेक संस्थागत क्षेत्रमा | ● महिलाहरुको प्रतिनिधित्व ५० प्रतिशत पुराउन सक्ने अवसर रहेको<br>● बनेका नीतिहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सक्ने जनशक्ति रहेको<br>● समन्वय र सहकार्यबाट महिला हिंसा विरुद्धका अभियानहरुलाई निरन्तर दिन सकिने ।<br>● कार्यक्रमहरुमा लैंगिक र सामाजिक समावेशीकरणको सुनिश्चितता गरेर | ● लैगिक र सामाजिक समावेशीकरण नीति अवलम्बन गर्न खोजिएपनि कार्यपालिका सदस्यहरु फरक फरक राजनितिक दल र फरक बिचारको हुँदा मत बिभाजन हुने ।<br>● बजेटका कारण बैमनस्यता बढ्नु ।<br>● कर्मचारी र पदाधिकारीहरु छनौटमा बाहिरी दवाव बढ्नु । |

| मुख्य विषय | सबल पक्ष | कमजोर पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| | | लैससास अनुरुप प्रतिनिधित्व सुनिश्चित गर्नका लागि नीति र कार्यबिधि बनाउनु पर्ने ।<br>● महिला, बालबालिका र अपेक्षित समुदायलाई लक्षित कार्यक्रमहरु पर्याप्त नहुनु ।<br>● लैससासका लागि निश्चित प्रतिशत बजेट तोकेर नराखिनु । | सहभागीहरु राख्न सकिने ।<br>● पालिकामा लैससासको सुनिश्चितता हुने गरि समिति उपसमितिहरु गठन हुनसक्ने ।<br>● तथ्यांक संकलनका लागि बजेट र जनशक्तिको व्यबस्थापन । | ● यकीन तथ्यांक नहुँदा अभावमा सही योजना बन्न बनाउन नसकिनु । |
| **मानव संसाधन तथा क्षमता विकास** | ● लैससासको दृष्टिकोणले कर्मचारीहरुको समाबेशिता ठिकै अवस्थामा रहेको ।<br>● कर्मचारी भर्ना र समिति गठनमा समावेशीता अवलम्बन हुनु ।<br>● लैंगिक फोकल पर्सन तोकिएको ।<br>● बिषयगत शाखाहरु समाबेशी रुपमा पूर्ण रहेको ।<br>● अनौपचारिक मूल्य मान्यता र हानिकारक परम्परागत मूल्य मान्यता हटाउने प्रकृतिका कार्यक्रमहरु संचालन हुने गरेको ।<br>● कानुनी सचेतना सम्बन्धी जानकारीमूलक कार्यक्रम गरिएको । | ● सबै कर्मचारी र जनप्रतिनिधिहरुलाई लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी क्षमता बिकास कार्यक्रम नहुनु ।<br>● रोजगार सम्बन्धी नीति बनाई लैससासमैत्री रोजगार सुनिश्चत भएको नपाईएको ।<br>● अन्य आबश्यक कानुन निर्माण हुन नसकेको ।<br>● सार्वजनिक सूचनामा सबैको पहूँच नरहेको ।<br>● बिपद व्यबस्थापन समितिका पदाधिकारीहरुलाई क्षमता बिकास सम्बन्धी तालिम दिई दक्षता अभिबृध्दिमा कमी रहेको । | ● क्षमता बिकास सम्बन्धी तालिम, अभिमुखीकरण, अवलोकन भ्रमण लगायत बिभिन्न कार्यक्रम गर्न सकिने ।<br>● रोजगार सम्बन्धी नीति बनाउनका लागि जनशक्ति र बजेट रहेको ।<br>● अनौपचारिक मूल्यमान्यता र हानिकारक अभ्यासमा सुधार ल्याउने गरि योजना र कार्यक्रम संचालन गर्न सकिने अवसर पालिकामा रहेको । | ● लैससासका नीति, कानुनी दस्तावेज सम्बन्धमा समान बुझाइ नहुनु ।<br>● कर्मचारी र जनप्रतिनिधिवीच समान बुझाई नभईदिनु ।<br>● निर्णयहरुको कार्यान्वयन नहुनु । |

| मुख्य विषय | सबल पक्ष | कमजोर पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| | | | • बिभिन्न संघसंस्था र अन्य सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरि कानुनी साक्षारता सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने अवसर रहेको छ ।<br>• बिपद ब्यवस्थापन समिति समावेशी बनाई सक्रिय रुपमा काम गर्ने बातावरण निर्माण गर्न सकिने अवस्था छ । | |
| **सेवा प्रवाह** | • लैससासमैत्री प्रशासकीय भवन रहेको ।<br>• सवै वडामा वडा कार्यालयको भवन रहेको ।<br>• खानेपानी तथा सरसफाई उपभोक्ता समिति ब्यवस्थापन कार्यबिधि २०७९ र सो अनुसारको समिति रहेको ।<br>• पाँचवटा वडाहरुमा स्वच्छ खानेपानीको ब्यबस्था रहेको ।<br>• महिला, दलित, जनजाति र पछाडि पारिएका सिमान्तकृत समुदायको स्वरोजगार अभिबृद्धि | • अधिकांश भवनहरुमा छुट्टै स्तनपानको सुबिधा वा प्रावधान नरहेकोले बनाउनुपर्ने ।<br>• जेष्ठ नागरिकको लागि सहज हुने गरि स्थान र बाताबरण नभएकोले सो अनुकुल बनाउनुपर्ने ।<br>• बालमैत्री संरचना (शौचालय, पिउने पानीको धारा, बस्ने ठाउँहरु आदि) र प्रविधिहरु पूर्ण रुपमा निर्माण नभईसकेको ।<br>• स्थानीय बालमैत्री शासन सम्बन्धी नीति, कानुन र कार्यबिधि नरहेको । | • निर्माण हुने भवनहरुको स्वीकृतीपूर्व लैंगिकमैत्री, बालमैत्री र अपांगमैत्री एवं जेष्ठनागरिकमैत्री बनाउनुपर्ने गरि कानुनी प्राबधान अबलम्बन गर्न सकिने अवस्था रहेको छ ।<br>• बजारीकरण र उचित बजार ब्यवस्थापनका लागि उचित योजना बनाउन सकिने अवस्था रहेको छ । | • कतिपय ठाउँमा भौतिक निर्माणको सम्दर्भमा बिबाद उत्पन्न गराई काममा अवरोध हुनु ।<br>• प्रभावकारी अनुगमन र मूल्यांकनमा दक्ष प्रबिधि र प्राबिधिक पक्ष नहुनु ।<br>• लैससासमैत्री बजेट अन्यत्र रकमान्तर भईदिदा लक्ष र योजना अनुसार |

| मुख्य विषय | सबल पक्ष | कमजोर पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| | गर्न सिपमूलक तालिमहरु संचालन गरिएको ।<br>● अस्पतालबाट प्रजनन सम्बन्धी सेवा प्रभाव भईरहेको ।<br>● सबै बालबालिकाको बिद्यालय भर्नाका लागि अभियानहरु संचालन भएको र सबैलाई खाजा र छात्राबृत्ति उपलब्ध गराईएको । | ● जेष्ठ नागरिक र अपांगता भएका ब्यक्तिहरुको अधिकार सुनिश्चित हुने गरि कानुन निर्माण गरिनुपर्ने ।<br>● स्वरोजगार सृजना गरि उत्पादन हुने सामग्री बिक्री बितरणको सुनिश्चितता गर्नको लागि स्थानीय बजारको प्रबर्द्धन हुन नसकेको । | ● श्रोत र साधनको ब्यबस्थापन गर्न सकिने अवस्था रहेको छ । | क्षमता अभिबृध्दि र जनचेतनाका कार्यक्रमहरु संचालन गर्न चूनौती रहेको । |
| **सुशासन तथा उत्तरदायित्व** | ● नगरपालिकामा सुशासन समिति गठन भएको छ ।<br>● नगरपालिकाबाट सवै सूचनाहरु अनलाईन मार्फत वा वेवसाइट मार्फत सार्वजनिक हुने गरेको छ ।<br>● सूचना अधिकारीको ब्यबस्था गरिएको छ ।<br>● शाखा प्रमुखहरुले आफ्नो पदिय भूमिका अनुसार उत्तरदायित्व निर्वाह गरेका छन् ।<br>● आयोजनाहरु सम्पन्न भईसकेपछि अनुगमन समिति मार्फत योजनाको अनुगमन तथा मूल्यांकन हुने गरेको छ ।<br>● कार्यपालिका सदस्य र कर्मचारी प्रशासनवीच समन्वय हुने गरेको छ । | ● नगरपालिकाको हरेक कार्यहरु स्थानीय पत्रपत्रिकामा समेत सार्वजनिक गर्नुपर्ने ।<br>● बिषय बिज्ञ र बिज्ञ परामर्शकर्तामार्फत समय समयमा सवल पक्ष, कमजोर पक्ष, अवसर र चूनौतीका बारेमा छलफल र सहजीकरण हुनुपर्ने ।<br>● समिति र उपसमिति एवं शाखालाई जिम्मेवारी दिदा लिखित अख्तियारी दिनुपर्ने ।<br>● समुदायसम्म सूचनामा पहुँचका लागि वडा समिति र समितिको कार्यालय मार्फत टोलस्तरमा सूचना बोर्ड राख्दा राम्रो हुने ।<br>● आयोजनाको अनुगमनबाट आएका नतिजालाई सम्बन्धित सरोकारवालासमक्ष समेत | ● आन्तरिक स्रोतको पहिचान गरि आन्तरिक स्रोत वृद्धि गर्न सकिने<br>● योजना, राजस्व, जिन्सी, आर्थिक प्रशासन लगायत सबै शाखाहरुमा अनलाइन सफ्टवेयर प्रयोग गर्दा सिघ्र तथा पारदर्शि सेवा प्रवाह गर्न सकिने<br>● नागरिकले स्थानीय सरकारको हरेक गतिबिधि सहज रुपले थाहा पाउन सकुन भन्नका लागि **डिजिटलाईजेसन**को सूचना प्रबिधिलाई अझ | ● राजनीतिक द्वन्द्व र भागबण्डामा राजनीतिक दल सक्रिय हुनु ।<br>● प्रक्रियागत प्रावधान अबलम्बन गरेर काम गर्नुपर्ने हुँदा समयमा काम सम्पन्न गर्न अप्ठयारो हुने ।<br>● उपभोक्ता समितिहरुले बढी राजनीतिक दवाव सृजना गर्ने ।<br>● भागबण्डाको कुरा बढी हुने हुँदा सुशासन र |

| मुख्य विषय | सबल पक्ष | कमजोर पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| | • सार्वजनिक परीक्षण र सामाजिक परीक्षण हुने गरेको । | पृष्ठपोषण दिई कार्यान्वयन गरिनु पर्ने ।<br>• स्थानीय तहको सवै क्षेत्रमा समन्वय र सहकार्य सवैलाई अनुभूति हुने गरि अझ प्रभावकारी बनाउनु पर्ने । | प्रभावकारी बनाउन सकिने ।<br>• लिखित रुपमा जिम्मेवारी दिईदा उत्तरदायित्व र जवाफदेहिता प्रभावकारी हुने भएकोले लिखित अख्तियारी दिन सकिने । | उत्तरदायित्वमा एक चुनौती सृजना हुने । |

## १२. लैससासको कार्ययोजना

लैससास परीक्षणमा देखिएका कमजोर पक्ष र चुनौतीका पक्षलाई व्यवस्थापन गर्नका लागि तल तालिकामा उल्लेख गरिएको कार्ययोजना सहभागितात्मक रुपमा नगरपालिकाले तयार गरेको छ ।

**लहान नगरपालिका**

**लैङ्गिक तथा सामाजिक समावेशिकरण विकास कार्ययोजना**

**पौष, २०८१**

| मुल शीर्षक | | अवस्था सुधारका लागि आवश्य क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | | थप दायित्व पर्ने नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णांक | प्राप्तांक | (सूचकका आधारमा) | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वियन पक्ष | समयावधि | पर्ने | नपर्ने |
| नीति, कानून तथा योजना २० | ११.५ | १.१.२ नगरपालिकाको नीति र योजनाहरुमा लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने | लैससास कार्यान्वयन समिति | कार्यपालिका | सम्बन्धित शाखा | आ.ब. २०८१/०८२ | √ | |
| | | १.१.३ नगरपालिकाको नीति र योजनामा लैंगिक समानता तथा सामाजिक समाबेशी बिकास (स्थानीय कानून, नीति, आबधिक र वार्षिक योजनामा भएका नीतिहरु) सम्बन्धी बिषयहरुमा समाबेश गर्ने | लैससास कार्यान्वयन समिति | कार्यपालिका | सम्बन्धित शाखा | आ.ब. २०८१/०८२ | | √ |
| | | १.१.४ **लैंगिक बिभेद र सामाजिक बिभेद अन्त्य गर्ने सम्बन्धी लैससासमैत्री (नीति, रणनीति, कानुन) निर्माण गर्ने ।** | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | कार्यपालिका, नगरसभा | बिषयगत शाखाहरु | आ.ब. २०८१/०८२ | √ | |
| | | १.१.६ संघीय कानुनले व्यबस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा बन्चितीमा परेका समुदायमाथि हुने हिंसा र बिभेद उपर सुनुवाई हुने प्रवन्ध नीतिगत र कार्यक्रम तय गर्ने । | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | कार्यपालिका | सामाजिक बिकास शाखा, महिला बालबालिका शाखा | आ.ब. २०८१/०८२ | √ | |
| | | १.१.७ श्रम ज्यालामा बिभेद रोक्ने प्रावधानका लागि कानुन/ निर्देशिका जारी गर्ने | बिधायन समिति | कार्यपालिका तथा नगरसभा | सम्वन्धित शाखा | आ.व २०८१/८२ | | √ |

| मुल शीर्षक | | अवस्था सुधारका लागि आवश्य क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | | थप दायित्व पर्ने नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णांक | प्राप्तांक | (सूचकका आधारमा) | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वियन पक्ष | समयावधि | पर्ने | नपर्ने |
| | | **१.२.१ लैंगिक तथा समाबेशी बिकासको लागि नीति, रणनीति निर्माण गर्ने, कार्यक्रम तय गन** | **महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा** | **प्रमुख प्रशासकीय अधिकृत** | **महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा** | आ.व २०८१/८२ | √ | |
| | | १.२.१ महिला, बालबालिका तथा बंचितीकरणमा परेका समुदायको प्रत्यक्ष फाईदाको लागि कुल पूँजीगत बजेटको निश्चित प्रतिशत बजेट छुटयाउन पहल गर्ने | योजना शाखा | सभा | महिला विकास शाखा | आ.व २०८१/८२ | | √ |
| | | | | | | | | |
| **संस्थागत व्यवस्था २०** | १२ | १.३.२ लैंगिक उत्तरदायी तथा सामाजिक समाबेशी बजेट निर्माण एवं लैंगिक समानता तथा सामाजिक परीक्षण (जेसी अडिट) नियमित रुपमा गर्न बजेट व्यबस्थाको सुनिश्चिता गर्न पहल गर्ने। | महिला विकास शाखा | कार्यपालिका | महिला विकास शाखा | आ.व २०८१/८२ | | √ |
| | | २.१.२ करारका कर्मचारी छनौटमा समावेशी समानुपातिक प्रतिनिधित्वको लागि रणनीति निर्माण गर्ने | प्रशासन शाखा | कार्यपालिका | प्रशासन शाखा | आ.व २०८१/८२ | | √ |
| | | **२.१.४** महिला तथा दलित, सिमान्तकृत समुदायका कर्मचारी, जनप्रतिनिधिहरुलाई क्षमता अभिबृद्धिको अवसर प्रदान हुने गरि सकारात्मक बिभेदको नीति अवलम्बन गरि अवसरमा जोडने। | तालिम वा प्रशासन शाखा | कार्यपालिका | तालिम आयोजक | आवको तेस्रो चौमासिक | | √ |
| | | २.२.१ लैंगिक समानता हटाउन समतामा आधारित स्थानीय तहको निश्चित कार्यनीति बनाउने। | विद्यायन समिति | सभा | महिला विकास शाखा | आ.व २०८१/८२ | | √ |
| | | २.२.२ स्थानीय सरकारमा लैंगिक बिकास हेर्ने इकाई वा लैंगिक बिकास डेस्कको ब्यवस्था गर्ने। | कार्यपालिका | कार्यपालिका | सामाजिक विकास समिति | आ.व २०८१/८२ | | √ |
| | | २.२.३ कार्यालयमा हुने दुर्व्यबहार, भेदभाव र हिंसा नियन्त्रणको लागि आचारसंहिता बनाउने, कार्यान्वयन गर्ने | विद्यालय | कार्यपालिका | शिक्षा शाखा | आ.व २०८१/८२ | | √ |

| मुल शीर्षक | | अवस्था सुधारका लागि आवश्य क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | | थप दायित्व पर्ने नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णांक | प्राप्तांक | (सूचकका आधारमा) | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वियन पक्ष | समयावधि | पर्ने | नपर्ने |
| | | २.३.२ योजना तर्जुमा प्रक्रिया लैससास अनुसार भए नभएको अनुगमन गर्ने | अनुगमन समिति | कार्यपालिका | अनुगमन समिति | आ.व २०८१/८२ | | √ |
| | | २.४.१ स्थानीय स्तरमा महिला सिप बिकास, नेतृत्व बिकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा श्रोत व्यबस्थापनका लागि आर्थिक ऐनमा उल्लेख गरि छुट्टै कोष स्थापना गरि कोष परिचालनका लागि निर्देशिका बनाउने, कार्यान्वियन गर्ने । | सामाजिक समिति | कार्यपालिका | महिला विकास शाखा | आ.व २०८१/८२ | √ | |
| | | **२.४.३ लैंगिक डेस्कको बिकास र आवश्यक मानवीय श्रोतहरुको लागि बजेट व्यबस्थापन** | प्रशासन शाखा | कार्यपालिका | महिला विकास शाखा | आ.व २०८१/८२ | √ | |
| | | **२.५.१ लिंग, उमेर, जात र आर्थिक स्थिति, बेरोजगार तथा गरिबको पहिचान आदि सहितको खण्डिकृत तथ्यांक संकलन (वडा र नगरको प्रोफाईल) र अपडेट गर्ने ।** | रोजगार शाखा | आर्थिक समिति | रोजगार शाखा | आ.व २०८१/८२ | √ | |
| | | २.५.३ खण्डीकृत तथ्यांक (प्रोफाईल) का आधारमा स्थानीय बिकास योजना तर्जुमा गर्ने | योजना शाखा | कार्यपालिका | योजना शाखा | आ.व २०८१/८२ | | √ |
| | | | | | | | | |
| **मानव संसाधन तथा क्षमता विकास** २० | १० | ३.१.१ लैससास बिकासको लागि क्षमता बिकास कार्ययोजना तयार गर्ने, छुट्टै शिर्षकमा बजेट बिनियोजन तय गरि खर्च गर्ने कार्यबिधि निर्माण गर्ने र कार्यान्वियनमा ल्याउने । | प्रशासन शाखा | कार्यपालिका | कार्यपालिका | आ.व २०८१/८२ | | √ |
| | | **३.१.२ स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुलाई क्षमता विकास कार्यक्रम संचालन गर्ने** | तालिम वा प्रशासन शाखा | प्रशासन शाखा | प्रशासन शाखा | तेस्रो चौमासिक | | √ |
| | | **३.१.३ स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुलाई लैंगिक समानता तथा सामाजिक** | तालिम वा प्रशासन शाखा | प्रशासन शाखा | महिला विकास शाखा | आ.व २०८१/८२ | √ | |

| मुल शीर्षक | | अवस्था सुधारका लागि आवश्य क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | | थप दायित्व पर्ने नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णांक | प्राप्तांक | (सूचकका आधारमा) | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वियन पक्ष | समयावधि | पर्ने | नपर्ने |
| | | **समाबेशीकरण र लैंगिक संबेदनशीलता सम्बन्धी अभिमुखीकरण कार्यक्रम** | | | | | | |
| | | ३.१.६ मानव संसाधन बिकास केन्द्र वा शाखा वा इकाईको व्यबस्था गर्ने | प्रशासन शाखा | कार्यपालिका | शाखा प्रमुख | | | √ |
| | | **३.१.७ महिला र बन्चितीकरणमा परेको समुदायलाई लक्षित गरि लोक सेवा आयोग पूर्व तयारी कक्षा संचालन गर्ने** | प्रशासन शाखा | सभा | प्रप्रअ | आ.व २०८१/८२ | √ | |
| | | ३.१.८ महिला बिकासका लागि भएका बेईजिंग घोषणा पत्र, सिड, दीगो बिकास लक्ष जस्ता प्रावधानका बारेमा स्थानीय निकायका पदाधिकारी र कर्मचारीहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन | महिला विकास शाखा | महिला विकास शाखा | महिला विकास शाखा | आ.व २०८१/८२ | √ | |
| | | ३.२.२ लैंगिक हिंसारहित लहान नगरपालिका घोषणा अभियान कार्यक्रम संचालन | कार्यपालिका | कार्यपालिका | महिला विकास शाखा | चौगो चौमासिक | √ | |
| | | ३.२.३ महिला हिंसा बिरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने अभियान कार्यक्रम संचालन | कार्यपालिका | कार्यपालिका | महिला विकास शाखा | आ.व २०८१/८२ | √ | |
| | | ३.२.४ समाजमा बिद्यमान हानिकारक मूल्यमान्यता, कुरीति र कुसंस्कारमा हटाउनका लागि अभियान कार्यक्रम संचालन | कार्यपालिका | कार्यपालिका | महिला विकास शाखा | आ.व २०८१/८२ | √ | |
| | | ३.३.१ निर्वाचित महिला जनप्रतिनिधिहरु ( कार्यपालिकाका सदस्य र वडा सदस्यहरु) लाई नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन २०७४ लगायत प्रचलित कानुन एवं स्थानीय सरकारको काम,कर्तब्य र अधिकार सम्बन्धी अभिमुखीकरण तथा क्षमता बिकास कार्यक्रम | कार्यपालिका | कार्यपालिका | महिला विकास शाखा | आ.व २०८१/८२ | √ | |

| मुल शीर्षक | | अवस्था सुधारका लागि आवश्य क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | | थप दायित्व पर्ने नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णांक | प्राप्तांक | (सूचकका आधारमा) | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वियन पक्ष | समयावधि | पर्ने | नपर्ने |
| | | ३.३.३ महिलाहरुको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरु | कार्यपालिका | कार्यपालिका | महिला विकास शाखा | आ.व २०८१/८२ | | √ |
| | | ३.४.२ बिपद सम्बन्धी तथ्यांक संकलन, नक्सांकन गर्ने | कार्यपालिका | कार्यपालिका | महिला विकास शाखा | आ.व २०८१/८२ | | √ |
| | | ३.४.४ कानुनको मस्यौदा तयारीको लागि अभिमूखिकरण | विद्यायन समिति | कार्यपालिका | महिला विकास शाखा | आ.व २०८१/८२ | √ | |
| | | | | | | | | |
| सेवा प्रवाह २० | १२.५ | **४.१.२ स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार निर्माण गर्दा महिला, अपांगता भएका ब्यक्ति तथा बालमैत्रीयुक्त तरिकाले निर्माण सम्बन्धी प्रावधान, अभिमुखीकरण र कार्यान्वयन ।** | पूर्वाधार विकास शाखा | कार्यपालिका | पूर्वाधार शाखा | नियमित | | √ |
| | | **४.२.१ गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा नलगाउने गरि बार्षिक नीति, प्रजनन स्वास्थ्य सम्बन्धी नीति बनाउने । यस सम्बन्धी कार्यकम संचालन गर्ने** | स्वास्थ्य शाखा | कार्यपालिका | महिला विकास शाखा | आ.व २०८१/८२ | | √ |
| | | **४.२.२ स्थानीय तहको कार्यालय, अस्पताल, स्वास्थ्य चौकी र सार्वजनिक स्थलहरु (पब्लिक प्लेस) हरुमा अलग्गै स्तनपान कक्षको ब्यबस्थालाई अनिवार्यको लागि पहल गर्ने ।** | कार्यपालिका | कार्यपालिका | महिला विकास शाखा | आ.व २०८१/८२ | | √ |
| | | **४.२.४ विपन्न वर्गको लागि स्वास्थ्य विमा अनुदान कार्यक्रम** | स्वास्थ्य शाखा | नगर सभा | स्वास्थ्य शाखा | आ.व २०८१/८२ | √ | |
| | | **४.३.२ आर्थिक अवस्था कमजोर भएका बालबालिकाका लागि दिवा खाजा, निशुल्क पाठयपुस्तक र शैक्षिक सामग्री तथा पोशाक ब्यबस्थापन** | सामाजिक विकास शाखा | नगर सभा | सामाजिक विकास शाखा | आ.व २०८१/८२ | √ | |

| मुल शीर्षक | | अवस्था सुधारका लागि आवश्य क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | | थप दायित्व पर्ने नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णांक | प्राप्तांक | (सूचकका आधारमा) | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वियन पक्ष | समयावधि | पर्ने | नपर्ने |
| | | ४.५.२ वैदेशिक रोजगार जानेहरुको क्षमता बिकास कार्यक्रम र अभिमूखिकरण कक्षा सञ्चालन | रोजगार शाखा | कार्यपालिका | रोजगार शाखा | आ.व २०८१/८२ | | √ |
| | | ४.५.३ ग्रामीण महिला प्राबिधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्इ र पूर्वाधार सम्बन्धी प्राबिधिक) र सामाजिक परिचालक तयारीको लागि तालिम तथा बिशेष कक्षा संचालन | सम्वन्धित शाखा प्रमुख | कार्यपालिका | सम्वन्धित शाखा | आ.व २०८१/८२ | | √ |
| | | **४.५.४ गरिव तथा बंचितीकरणमा परेका समुदायको पहूँच र कयशक्ति अनुरुप सुपथ सहकारी पसल सञ्चालन** | आर्थिक विकास शाखा | कार्यपालिका | सामाजिक शाखा | आ.व २०८१/८२ | √ | |
| | | | | | | | | |
